# *अध्याय १४: उपभोक्ता अधिकार*

हङकङ किनमेल गर्न एक उत्कृष्ट ठाउँ हो। तर अन्य ठाउँहरूमा जस्तै, तपाईंलाई उत्कृष्ट सौदा प्राप्त होस् भन्ने सुनिश्चित गर्नको निम्ति तपाईंले व्यवहारिक ज्ञान प्रयोग गर्नुपर्छ।

पहिलो कुरा, विभिन्न स्टोरहरूसँग मूल्यहरू तुलना गर्ने प्रयास गर्नुहोस् (तल सुझावहरू हेर्नुहोस्)। हङकङमा कुनै मूल्य नियन्त्रण नहुने भएको कारणले उपभोक्ताहरूले आफूले चाहेअनुसार मूल्य तोक्न सक्छन्। जब तपाईंले किनिसक्नु भएको कुनै सामानलाई तपाईं कुनै नजिकैको पसलमा झन् सस्तोमा भेटाउनु हुन्छ र तपाईंलाई महँगो परेको महसुस गर्नुहुन्छ, यस्तो अवस्थामा आफ्नो पैसा फिर्ता पाउन तपाईंलाई निकै कठिन हुन्छ ।

*सुझाव: वरपर किनमेल गर्नुहोस् र खरिद गर्नु अघि मूल्यहरूको तुलना गर्नुहोस्। तर यदि मूल्य धेरै कम छ भने पनि विचार गर्नुहोस् - यो एक चाल हुन सक्छ!*

## पेरेलल (समानान्तर) सामान खरिद

हङकङ नि:शुल्क बन्दरगाह हो त्यसैले आयातकर्ताहरूले आफूले चाहेको स्रोतबाट सामान आयात गर्न सक्छन्। यसको मतलब तपाईंले कारखाना र तिनीहरूको मूल देशहरूबाट सिधै आयात गरिएका नवीनतम् मोडेलहरू यहाँ फेला पार्न सक्नुहुन्छ।

यद्यपि, केही उत्पादनहरू अधिकृत एजेन्टहरू मार्फत नगईकन नै हङकङमा आइपुग्छन्। यी "पेरेलल आयात" वा "ग्रे बजार" सामानहरू प्रायः अधिकृत एजेन्टहरूले ल्याएका समान सामानहरू भन्दा सस्तो हुन्छन्। यस्तो हङकङमा गैरकानूनी त छैन, तर तपाईंले यसबाट अन्तर्राष्ट्रिय वारेन्टी प्राप्त गर्न सक्नुहुन्न। तथापि यदि तपाईंले उपहारको रूपमा घर पठाउन चाहेको कुनै सामान किन्नुभयो भने वा त्यसलाई आफ्नै देशमा फिर्ता लैजान चाहनुहुन्छ भने, तपाईंले अन्तर्राष्ट्रिय वारेन्टीमा कभर गरिएका सामानहरू खोज्नुपर्छ।

*सुझाव: यदि तपाईं पेरेलल आयात सामानहरू किन्न चाहनुहुन्न भने, सधैं हङकङका आधिकारिक एजेन्टद्वारा ग्यारेन्टी गरिएको उत्पादन किन्न चाहेको कुरा विक्रेतालाई भन्नुहोस्। तपाईंले भुक्तानी गर्नु अघि लिखित रूपमा ग्यारेन्टी प्राप्त गर्नुहोस्।*

## सामान फिर्ता गर्ने

फिर्ता नीति पसलहरू र व्यापारहरू अनुसार भिन्न हुन्छ। धेरैजसो अवस्थामा, केवल बिग्रेका सामानहरू साँट्नका लागि फिर्ता गर्न सकिन्छ। त्यसैले खरीद पछि आफ्नो मन परिवर्तन हुँदैमा सामान साट्ने वा फिर्ता गर्ने आशा नगर्नुहोस्।

***चेतावनी:***
***बेइमान पसलहरू प्रति सावधान हुनुहोस्! बेट-एन्ड-स्विच (उच्च मूल्यमा मात्र उपलब्ध छ भन्नु भन्दा कम मूल्यमा कुनै सामान दिने प्रतिज्ञा गर्ने कार्य) हङकङमा हुन्छ। सधैं पहिले उत्पादन जानकारी जाँच गर्नुहोस्।***

## स्मार्ट किनमेल सुझावहरू

- हङकङमा रहेका आफ्ना साथीहरूलाई तपाईंले उत्तम मूल्य प्राप्त गर्न सक्ने उत्तम पसलहरू कहाँ छन् भन्ने सोध्नुहोस्।
- तपाईंले कुनै समान किन्ने निर्णय गर्नु अघि मूल्य, विशेषताहरू, कार्यहरू, बिक्री पछिका सेवाहरू जस्ता उत्पादन जानकारीको लागि अधिकृत एजेन्टको वेबसाइटमा जानुहोस्।
- उपभोक्ता परिषद् (Consumer Council)को वेबसाइटमा गएर पहिले रिपोर्ट गरिएको हुनसक्ने परीक्षण रिपोर्टहरू, उत्पादन तुलना र सिफारिसहरू थप जानकारीको लागि हेर्नुहोस्।
- एकचोटि तपाईंले मोडेलमा निर्णय गरिसकेपछि, बेट-एन्ड-स्विच रणनीतिहरू बारे सचेत हुनुहोस् र उच्च मूल्यमा फरक मोडेल किन्ने प्रलोभनबाट जोगिनुहोस्।
- धेरै कम मूल्य बेट-एन्ड-स्विचको लागि जालो हुन सक्छ (माथि हेर्नुहोस्)।
- तपाईंले भुक्तानी गर्नु अघि, पसललाई लेनदेनको समयमा वाचा गरेको मूल्य रसिदमा लेख्न लगाउनुहोस्।
- लेनदेन समाप्त हुनुभन्दा अघि आफ्नो क्रेडिट कार्ड कसैलाई नदिनुहोस्। ठीकसँग भरिएको क्रेडिट कार्ड स्लिपमा मात्र हस्ताक्षर गर्नुहोस्। हस्ताक्षर गरेपछि भाउचरको प्रतिलिपि प्राप्त गर्न नबिर्सनुहोस्।
- एक पटक क्रेडिट कार्ड भाउचरमा हस्ताक्षर भएपछि, लेनदेन अन्तिम हुन्छ। रद्दको सम्भावना धेरै नै न्यून छ।
- खरिदका सबै विवरणहरू जाँच गर्नुहोस् र तिनीहरू रसिदमा लेखिएका छन् भनी सुनिश्चित गर्नुहोस्। यदि तिनीहरू सही छैनन् भने, भक्तानी नगर्नुहोस्।
- सामानलाई निरीक्षण गर्नुहोस् र सुनिश्चित गर्नुहोस् कि यो तपाईंले खरिद गर्न सहमत भए जस्तै छ।

- विवादको अवस्थामा, पसलमा बसेर बहस नगर्नुहोस्। रसिद प्राप्त गर्नुहोस् र सकेसम्म चाँडो पुलिस वा उपभोक्ता परिषद्लाई सम्पर्क गर्नुहोस्।

## उपभोक्ता परिषद्

उपभोक्ता परिषद् (Consumer Council) एक स्वतन्त्र वैधानिक निकाय हो जसले उपभोक्ताको रूपमा तपाईंको अधिकार र हितहरूको रक्षा गर्दछ। यसले हङकङमा किनमेल गर्दा तपाईंले अनुभव गर्न सक्नु हुने कुनै पनि समस्याहरू समाधान गर्न मद्दत गर्न सक्छ। यसको उजुरी र सोधपुछ हटलाइन हो **२९२९-२२२२**। उपभोक्ता परिषद् सेवा केन्द्रह (Consumer Council Services Centres)रू निम्न ठेगानाहरूमा अवस्थित छन् -

### HONG KONG ISLAND

| Address |
|---|
| North Point Consumer Council Services Centre<br>Room 1410, 14/F, Kodak House II<br>39 Healthy Street East, North Point, Hong Kong |

### KOWLOON

| |
|---|
| Tsim Sha Tsui Consumer Council Services Centre<br>G/F, 3 Ashley Road, Tsim Sha Tsui, Kowloon |

उपभोक्ता सेवा केन्द्र कार्यालय समय:
सोमबार देखि शुक्रबार (सार्वजनिक बिदा बाहेक):बिहान ९:०० - दिउँसो १:०० बजे
दिउँसो २:०० - साँझ ६:०० बजे

*टिप्पणी: नियुक्ति द्वारा काउन्टर सेवाहरू*
*अनलाइन अपोइन्टमेन्ट: https://appointment.consumer.org.hk/en*
*फोन अपोइन्टमेन्ट: २९२९ २२२२*